नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

# शिक्षा तथा मानव स्रोत विकास केन्द्र

## शैक्षिक योजना तथा विकास महाशाखा

## शिक्षक व्यवस्थापन समन्वय शाखा

सानोठिमी, भक्तपुर

प.सं. २०७८।०७९/शि.व्य.
चलानी नं १५८

फोन ६६३५११३
Section email : teachermgt.cehrd@gmail.com

मिति: २०७८।०९।३०

विषय: निर्णय कार्यान्वयन सम्बन्धमा ।

श्री शिक्षा विकास तथा समन्वय इकाइ,

सबै ।

प्रस्तुत विषयमा श्री शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको च.न. २०२ मिति २०७८।०९।२६ को पत्रानुसार कोभिड-१९ संकट व्यवस्थापन समन्वय केन्द्रको मिति २०७८।०९।२५ को सिफारिस कार्यान्वयनको लागि देहाय बमोजिम गर्न गराउन, कार्यान्वयनमा सहजीकरण गर्न तथा कार्यान्वयन अवस्थाको अनुगमन गरी सोको जानकारी यस केन्द्रमा पठाउनु हुन निर्देशानुसार अनुरोध छ ।

तपसिल

बसन्तप्रसाद कोइराला
निर्देशक

१. देशभरका सबै आधारभूत तथा माध्यमिक विद्यालयहरुले वार्षिक विदामा मिलान हुने गरी यही २०७८ पौष २७ गतेदेखि २०७८ माघ १५ गते सम्म विदा दिने । विदाको अवधिमा सिकाइ सहजीकरण निर्देशिका, २०७७ ले गरेको व्यवस्था बमोजिम विद्यार्थी सिकाइमा आवश्यक सहजीकरण गर्ने ।

२. विदाको अवधिका विद्यालयको प्रधानाध्यापकले स्थानीय तहमा रहेको स्वास्थ्य चौकी सँग सम्पर्क गरी १२ वर्ष देखि १७ वर्ष उमेर समुहका विद्यार्थीहरुलाई कोही पनि नछुट्ने गरी खोप लगाउने अभियानमा आवश्यक समन्वय र सहजीकरण गर्ने ।

३. १८ वर्ष उमेर समुह र सो भन्दा माथि सबै उमेर समुहका पूर्ण खोप लगाउन बाँकी विद्यार्थी, शिक्षक, शिक्षण संस्थाका कर्मचारी तथा अभिभावकहरुले खोपका लागि स्थानीय तहमा रहेका स्वास्थ्य चौकीमा सम्पर्क गर्ने ।

४. विश्वविद्यालय र शैक्षिक प्रतिष्ठानका पूर्व निर्धारित सेमेष्टर र वार्षिक परीक्षाहरु जनस्वास्थ्य तथा सुरक्षाका मापदण्डहरु पालना हुने गरी जेड आकारमा बसाइ व्यवस्थापन गरी सञ्चालन गर्ने । परीक्षा केन्द्रमा मास्क र स्यानिटाइजरको प्रयोग अनिवार्य गर्ने र भौतिक दुरीको प्रावधान कडाइको साथ परिपालन गर्ने ।

५. माघ ७ गते देखि शिक्षण संस्थामा प्रवेश गर्ने सबैले खोप कार्ड अनिवार्य रुपमा साथमा राख्ने प्रबन्ध सम्बन्धित शिक्षण संस्थाले मिलाउने ।

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
# शिक्षा तथा मानव स्रोत विकास केन्द्र
शैक्षिक योजना तथा विकास महाशाखा
शिक्षक व्यवस्थापन समन्वय शाखा
सानोठिमी, भक्तपुर

प.सं. २०७८।०७९/शि.व्य.
चलानी नं ८५८
फोन ६६३५११३
Section email : teachermgt.cehrd@gmail.com

६. सबै शिक्षण संस्थाले अर्को सूचना जारी नभए सम्म अभिभावक दिवस वा वार्षिक उत्सव जस्ता सार्वजनिक समारोहको कार्यक्रमहरु आयोजना नगर्ने ।

७. यस वर्ष माघ १ गते मनाइने राष्ट्रिय योग दिवस सार्वजनिक भेला वा समारोह नगरी योग सम्बन्धी उपयुक्त कार्यक्रमहरु समावेश गरी गराइ "सर्वाङ्गिण विकासको लागि योग" भन्ने नाराका साग भर्चुअल माध्यमबाट मनाउने ।